21st of Feb 2026

आकाशवाणी

मुख्य समाचारहरुबाट

1. प्रधानमन्त्री मोदी–अनि ब्राजिलका राष्ट्रपति लुलाबीच भेट वार्ता: रणनीतिक साझेदारी अझ सुदृढ गर्ने सहमति
2. पाँच वर्षमै असम औद्योगिक केन्द्र बन्ने अमित शाहको दाबी;
3. नयाँ दिल्लीमा जारी 'इन्डिया एआई इम्प्याक्ट एक्स्पो' आज सम्पन्न हुँदै
4. इन्डिया एआई इम्प्याक्ट समिट 2026 मा नयाँ दिल्ली घोषणापत्र स्वीकृत

------------

उत्तर प्रदेशमा सेमिकन्डक्टर प्लान्टको शिलान्यास

प्रधानमन्त्री नरेन्द्र मोदीले उत्तर प्रदेशको यमुना एक्सप्रेसवे क्षेत्रमा एचसीएल–फक्सकनको संयुक्त परियोजना 'इन्डिया चिप प्रा.लि.' को भर्चुअल रूपमा शिलान्यास गर्नुभएको छ। उहाँले यो परियोजना प्राविधिक आत्मनिर्भरतातर्फ महत्वपूर्ण कदम भएको बताउनुभयो।

इलेक्ट्रोनिक्स मन्त्री अश्विनी वैष्णवका अनुसार नोएडामा स्थापना हुने प्लान्टले वार्षिक 3 करोड 60 लाख चिप उत्पादन गर्नेछ। उहाँले भारत इलेक्ट्रोनिक्स उत्पादनमा तीव्र प्रगति गरिरहेको र केन्द्रीय बजेट 2026-27 मा उत्तर प्रदेशका लागि 20 हजार करोड रुपैयाँ विनियोजन गरिएको जानकारी दिनुभयो। कार्यक्रमलाई मुख्यमन्त्री योगी आदित्यनाथले पनि सम्बोधन गर्नुभयो।

प्रधानमन्त्री मोदी–अनि ब्राजिलका राष्ट्रपति लुलाबीच भेट वार्ता: रणनीतिक साझेदारी अझ सुदृढ गर्ने सहमति

प्रधानमन्त्री Narendra Modi ले आज नयाँ दिल्लीस्थित हैदराबाद हाउसमा ब्राजिलका राष्ट्रपति Luiz Inacio Lula da Silva सँग विस्तृत वार्ता गर्नुभयो। विदेश मन्त्रालयले जनाएअनुसार, छलफल व्यापार, ऊर्जा, रक्षा, कृषि, जलवायु परिवर्तन, प्रविधि, कृत्रिम बुद्धिमत्ता, सेमिकन्डक्टर, महत्वपूर्ण खनिज तथा ग्लोबल साउथ सहकार्यलगायत विभिन्न क्षेत्रमा भारत–ब्राजिल रणनीतिक साझेदारी सुदृढ गर्ने विषयमा केन्द्रित थियो। उहाहरूले आतंकवादविरुद्धको विश्वव्यापी संघर्षलाई अझ सशक्त बनाउने दृढ प्रतिबद्धता व्यक्त गर्नुभयो। महत्वपूर्ण खनिज, डिजिटल सहकार्य, परम्परागत ज्ञान आदान–प्रदान, स्वास्थ्य, एमएसएमई, उद्यमशीलता तथा सञ्चार क्षेत्रसमेत गरी कुल दश समझदारीमा अन्तिम सहमति भएको छ। दुवै देशले आगामी पाँच वर्षभित्र द्विपक्षीय व्यापारलाई २० अर्ब अमेरिकी डलरभन्दा माथि पुऱ्याउने प्रतिबद्धता जनाएका छन्।

संयुक्त वक्तव्यमा प्रधानमन्त्री मोदीले राष्ट्रपति लुलाको नेतृत्वमा भारत–ब्राजिल सम्बन्ध अझ सुदृढ भएको उल्लेख गर्नुभयो। उहाँले ब्राजिल ल्याटिन अमेरिकामा भारतको सबैभन्दा ठूलो व्यापारिक साझेदार भएको बताउँदै आगामी पाँच वर्षमा द्विपक्षीय व्यापारलाई २० अर्ब डलरभन्दा माथि लैजाने लक्ष्य दोहोऱ्याउनुभयो। प्रधानमन्त्रीले ब्राजिलमा डिजिटल सार्वजनिक पूर्वाधारका लागि उत्कृष्टता केन्द्र स्थापना गर्ने दिशामा दुवै देशले काम गरिरहेकोमा खुसी व्यक्त गर्नुभयो। यस विषयमा प्रधानमन्त्री  थप भन्नुभयो....

उहाँले महत्वपूर्ण खनिज तथा दुर्लभ धातु सम्बन्धी समझदारीलाई सुदृढ आपूर्ति श्रृंखला निर्माणतर्फको महत्वपूर्ण कदमका रूपमा वर्णन गर्नुभयो। रक्षा क्षेत्रमा सहकार्य निरन्तर विस्तार भइरहेको उल्लेख गर्दै उहाँले यस लाभदायी साझेदारीलाई अझ सुदृढ बनाइने बताउनुभयो। यसअघि राष्ट्रपति Droupadi Murmu र प्रधानमन्त्री मोदीले राष्ट्रपति भवनमा राष्ट्रपति लुलाको औपचारिक स्वागत गर्नुभएको थियो। ब्राजिलका राष्ट्रपतिले राजघाट पुगेर Mahatma Gandhi प्रति श्रद्धाञ्जलि अर्पण पनि गर्नुभयो। भारत र ब्राजिलबीच सौहार्दपूर्ण, घनिष्ठ र बहुआयामी रणनीतिक साझेदारी रहेको छ। साथै ब्रिक्स, आईबीएसए, जी–२०, जी–४, अन्तर्राष्ट्रिय सौर गठबन्धन, वैश्विक जैव इन्धन गठबन्धन, आपदा प्रतिरोधी पूर्वाधार

गठबन्धनजस्ता बहुपक्षीय मञ्चहरूसँगै संयुक्त राष्ट्र, विश्व व्यापार संगठन तथा युनेस्कोजस्ता निकायहरूमा पनि दुवै देशबीच उत्कृष्ट सहकार्य रहँदै आएको छ।

**पाँच वर्षमै असम औद्योगिक केन्द्र बन्ने अमित शाहको दाबी;**

केन्द्रीय गृह मन्त्री Amit Shah ले आज असमको कामरूप मेट्रो जिल्लाअन्तर्गत कचुटोलीमा 10औँ असम पुलिस बटालियनको नयाँ परिसरको शिलान्यास गर्नुभयो। यस परियोजनाको लागत 260 करोड रुपैयाँभन्दा बढी रहेको छ। कार्यक्रममा असमका राज्यपाल Lakshman Prasad Acharya, मुख्यमन्त्री Himanta Biswa Sarma तथा , पोत परिवहन र जलमार्ग मन्त्री Sarbananda Sonowal पनि उपस्थित हुनुहुन्थ्यो।

जनसभालाई सम्बोधन गर्दै गृह मन्त्री शाहले पाँच वर्षभित्र असम भारतको औद्योगिक केन्द्रका रूपमा विकसित हुने विश्वास व्यक्त गर्नुभयो। केन्द्र सरकारले राज्यमा पूर्वाधार विकासका लागि पर्याप्त बजेट विनियोजन गरेको उल्लेख गर्दै उहाँले विगत 10 वर्षमा भाजपा शासनकालमा असमको कानून–व्यवस्था स्थितिमा उल्लेखनीय सुधार भएको दाबी गर्नुभयो। उहाँका अनुसार सुधारिएको सुरक्षा वातावरणका कारण ठूला औद्योगिक घरानाहरू असमतर्फ आकर्षित भइरहेका छन्।

गृह मन्त्रीले असमको उपेक्षा गरेको आरोप लगाउँदै कांग्रेसको आलोचना गर्नुभयो। उहाँले विगत 10 वर्षमा केन्द्र सरकारले असमका लागि 15 लाख करोड रुपैयाँभन्दा बढी रकम विनियोजन गरेको जानकारी दिनुभयो।

यसअघि गृह मन्त्री शाह गुवाहाटीमा केन्द्रीय रिजर्भ पुलिस बल (सीआरपीएफ) को सतासी-औँ स्थापना दिवस परेडमा प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएको थियो।

## नयाँ दिल्लीमा जारी 'इन्डिया एआई इम्प्याक्ट एक्स्पो' आज सम्पन्न हुँदै

नयाँ दिल्लीस्थित Bharat Mandapam मा जारी 'इन्डिया एआई इम्प्याक्ट एक्स्पो' आज सम्पन्न हुँदैछ। 'इन्डिया एआई इम्प्याक्ट समिट' मा एक सयभन्दा बढी देशका प्रतिनिधि, नवप्रवर्तक, उद्योगी तथा नीति–निर्माताहरू सहभागी भएका थिए। यसमा विश्वका प्रमुख प्रविधि कम्पनीका प्रमुखहरू तथा स्टार्टअप प्रतिनिधिहरूको समेत उल्लेखनीय उपस्थिति रहेको थियो।

आयोजनाले सहभागीहरूबाट अत्यन्त सकारात्मक प्रतिक्रिया प्राप्त गरेको छ। प्रदर्शनी अवधिभर पाँच लाखभन्दा बढी आगन्तुकले अवलोकन गरेका छन्।

## इन्डिया एआई इम्प्याक्ट समिट 2026 मा नयाँ दिल्ली घोषणापत्र स्वीकृत

'इन्डिया एआई इम्प्याक्ट समिट 2026' मा नयाँ दिल्ली घोषणापत्र स्वीकृत गरिएको छ। एआई सम्बन्धी विश्वव्यापी सहकार्यका लागि यसलाई महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ। कुल अठासी देश तथा अन्तर्राष्ट्रिय संगठनहरूले घोषणापत्रलाई समर्थन गरेका छन्। यस घोषणापत्रले आर्थिक विकास र सामाजिक कल्याणका लागि एआईको उपयोग गर्ने विषयमा व्यापक वैश्विक सहमति प्रतिबिम्बित गर्दछ। "सर्वजन हिताय, सर्वजन सुखाय" को सिद्धान्तबाट प्रेरित घोषणापत्रले एआईका लाभ मानवताका सबै वर्गसम्म समान रूपमा पुऱ्याउने लक्ष्यलाई प्राथमिकता दिएको छ।

समिटका तीन प्रमुख सूत्र—जन, पृथ्वी र प्रगतिका लागि निरन्तर सहकार्य गर्ने प्रतिबद्धता पनि घोषणापत्रमा व्यक्त गरिएको छ। साथै, एआई इम्प्याक्ट समिटका सात स्तम्भअनुसार अन्तर्राष्ट्रिय सहकार्य तथा बहु–हितधारक सहभागिता सुदृढ गर्न आह्वान गरिएको छ।

## कांग्रेस पार्टीको आलोचना

भारतीय जनता पार्टीले हिजो नयाँ दिल्लीमा आयोजित 'इन्डिया एआई इम्प्याक्ट समिट' क्रममा भारतीय युवा कांग्रेसका केही कार्यकर्ताहरूले गरेको विरोध प्रदर्शनको विषयलाई लिएर कांग्रेस पार्टीको आलोचना गरेको छ।

नयाँ दिल्लीमा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै केन्द्रीय मन्त्री किरेन रिजिजूले युवा कांग्रेस कार्यकर्ताहरूको उक्त गतिविधिको कडा शब्दमा निन्दा गर्नुभयो। उहाले यसलाई सामान्य गल्ती नभई राष्ट्रविरुद्धको अपराध भएको टिप्पणी गर्नुभयो ।

---------